# गजुरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## गजुरी, धादिङ

प.स ०७५।०७६
च.न ३६२

मिति : २०७५।०७।२८

**बिषय : तालिममा सहभागी छनौट गरी पठाईदिने सम्बन्धमा ।**

**श्री वडा अध्यक्षज्यू**

**......नं. वडा कार्यालय गजुरी , धादिङ**

प्रस्तुत विषयमा गजुरी गाउँपालीका धादिङको न्यायिक समिति समक्ष पेश भएका उजुरीहरु मध्ये पक्षहरुवीच कानून बमोजिम मेलमिलाप गराउन सकिने उजुरीहरुको मेलमिलाप गराउने प्रयोजनार्थ गजुरी गाउँपालिकाका सबै ८ वटा वडाहरुमा कम्तीमा एक एक वटा मेलमिलाप केन्द्र स्थापना गरी प्रत्येक मेलमिलाप केन्द्रका लागि बढीमा तीन तीन जना मेलमिलापकर्ता तयार गर्नुपर्ने कार्यपालिकाको निर्णय अनुसार सो सम्वन्धी ८ दिने अर्थात ४८ घण्टे तालिम संञ्चालन गर्नुपर्ने चालु आ.व. २०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम मिति २०७५।०८।०८ गते देखि यस गाउँपालिकाको न्यायिक समितिद्धारा उक्त तालिम संञ्चालन गर्न गईरहेको हुँदा तहाँ वडाका देहायका योग्यता पुगेका वडावासीहरु मध्येबाट समावेसीताको आधारमा (योग्यता पुगेका भए १ जना महिला अनिवार्य) बढीमा ३ जना सहभागी छनौट गरी मिति २०७५।०८।०५ गते भित्र यस समितिमा पठाइ दिनु हुन अनुरोध छ ।

**तालिममा सहभागी हुन आवश्यक न्युनतम योग्यता :**

(क) कम्तिमा स्नातक तह उत्तिर्ण गरेको ।

(ख) स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको ।

(ग) कुनै राजीतिक दल प्रति आस्था राखी राजनीतिक सक्रिय नरहेको ।

(घ) २५ बर्ष उमेर पुरा भएको ।

(ङ) गजुरी गाउँपालिकामा स्थायी बसोबास गरेको ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु :**

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि १ प्रति ।

(ख) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि १।१ प्रति ।

सीता ढुगाना
संयोजक
न्यायिक समिति गजुरी गाउँपालिका
धादिङ

सीता ढुंगाना
उपाध्यक्ष

गजुरी गाउँपालिका
न्यायिक समिति
गजुरी, धादिङ
३ नं. प्रदेश नेपाल

**पुनश्च : १.तालिम संञ्चालन हुने स्थान र समय पछि जानकारी गराईने छ ।**

**२. थप जानकारीको लागि फोन नं. ०१०४०२०६३ मा सम्पर्क गर्न सकिनेछ ।**